# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा, विष्णुपुरा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः- २०८१/०८२

चलानी नं.:-

मितिः२०८१/०८/२७

ने.सं. ११४५ थिंलाथ्व १२ बिहिबार

## साना सिचांई कार्यक्रम सम्वन्धी सूचना ।

गैडहवा गाउँपालिका, कृषि विकास शाखा रुपन्देहीबाट आ.व. २०८१/८२ मा प्रदेश सरकारबाट प्राप्त साना सिचांई कार्यक्रम सचांलन गर्नुपर्ने भएकोले उक्त कार्यक्रम संचालन गर्न इच्छुक यस गाउँपालिका अन्तरगतका कृषक/कृषक समुह/कृषि सहकारी/कृषि कम्पनी तथा कृषि फर्महरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०८१/०९/११ गते भित्र) कार्यालयले उपलब्ध गराएको ढाँचामा आवेदन तथा प्रस्तावित क्रियाकलापहरुको आधारभुत तथ्यांक फारम भरी तपसिल अनुसारका कागजात सहित गाउँपालिकामा पेश गर्नुहुन यसै सुचना द्वारा जानकारी गराईन्छ।

तपसिल

| क्र.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|
| १ | साना सिचांई कार्यक्रम | • सोलार सिंचाई, थोपा सिंचाई, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर लगायतका सिंचाइ सामाग्री खरिद।<br>• सिंचाइ कुलो, बोरिङ्ग, लिफ्ट सिंचाइ निर्माण तथा सुधार । | निजीको हकमा न्युनतम १० कठ्ठा र सामुदायिकको हकमा २.५ हेक्टर सिंचित क्षेत्र विस्तार गर्नुपर्ने। | • पुर्वाधार निर्माणमा कुल लागत रकमको ७५ प्रतिशत<br>• अन्य ( मोटर, पम्पसेट,पाइप आदी ) को हकमा ५० प्रतिशत |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. निवेदन (कार्यालयले उपलब्ध गराएको ढाँचामा)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यालयले उपलब्ध गराएको ढाँचामा)।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
७. अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (न्यूनतम ५ वर्ष वा तोकिएको अवधिको) करार पत्र।

नोटः थप जानकारीका लागि गैडहवा गाउँपालिका कृषि विकास शाखामा सम्पर्क राख्नुहोला।

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत


E-mail: gaidahawagaupalika@gmail.com

Website: gaidahawamun.gov.np